# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
**Dipayal Silgadhi Municipality**
**Office of the Municipal Executive, Doti**

☎ - ४२००९०
- ४२०१९८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

Visit Nepal 2020 Lifetime Experience


प.सं. :- ०७७/०७८
च.नं. :-


सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल


### बोलपत्र/दरभाउ-पत्र आव्हान

**चौथो पटक प्रकाशित मिति २०७७/०५/३०**

स्थानीय सरकार संचालन ऐन,२०७४ (परिन्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र) दफा ६०,६१ र दफा ६४ को उप दफा (ग)र (च) मा व्यवस्था वमोजिम र निम्न अनुसारका दररेट कायम हुने गरी दिपायल सिलगढी नगरपालिका कार्यालयको क्षेत्राधिकार भित्र पर्ने निम्न अनुसारका आयशिर्षक आ.व.०७७/०७८ को आषाढ सम्मका लागि निम्न बमोजिम सिलवन्दी बोलपत्र/दरभाउ पत्र पेश वढावढढ्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले देहायमा उल्लेखित प्रकृया तथा शर्तहरु वमोजिम सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन ईच्छुक सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठे.नं. | ठेक्का लगाईने योजनाको नाम | न्यूनतम ठेक्काअंक (मू.अ.क.वाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | १ २०७७/०७८ | ढुङ्गा, गिट्टी र बालूवा निकासी कार्य ( सेती नदीको बासुधारा, गोदरेखोला, ढ्वारीखोला, सेति नदीको मटेला क्षेत्र,सेती नदीको बाटुलाखान ( चाखडीगाड देखी पश्चिम तर्फ बाटुलाखान) क्षेत्रहरुबाट । | १४,००,०००। (चौधलाख) मु.अ.कर बाहेक) | दरभाउ |
| २ | ३ २०७७/०७८ | वडा नं. ५ को बसपार्कको पार्किङ्ग शूल्क | ७५,०००। (पचहत्तर हजार) | दरभाउ-पत्र |
| ३ | ४ २०७७/०७८ | होडिङ वोर्ड विज्ञापन सम्बन्धि सुचनाको शूल्क | २५,०००। (पच्चिस हजार) | दरभाउ-पत्र |

**शिलवन्दी बोलपत्र/ दरभाउ पत्र पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु तथा पालना गर्नु पर्ने शर्तहरु :-**

(१) ठेक्का लिन इच्छुक व्यक्ति/फर्मले सूचना प्रकाशित मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र दि.सि.न.पा.को कार्यालय वाट रु १०००।- फिर्ता नहुने गरी दरभाउ पत्र टेण्डर फाराम खरिद गर्न सकिनेछ ।

(२) दरभाउपत्र खरीद गर्दा नागरिकताको प्रतिलिपी वा इजाजत पत्रको प्रमाणित प्रतिलिपी, करचुक्ता प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र सहित निवेदन साथ रु.१०।-नगदै टिकट वापत पेश गर्नु पर्नेछ ।

(३) यो सूचना प्रकाशित भएको मितिले ठेक्का नं. १ ३ र ४ को ८ औं दिनको दिउँसो १२.०० वजे भित्र दि.सि.न.पा.कार्यालय डोटीमा आफूले कवोल गरेको अंकको ५% रकम धरौटी रा.वा.वैंक डोटी शाखामा यस कार्यालयको ग ४१००३०३००००४ खातामा जम्मा गरेको भौचर नगदराखी शिलवन्दी बोलपत्र/दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ । र दर्ता हुन आएका सिलवन्दी बोलपत्र/दरभाउ पत्र सोही दिनको २.०० वजे सम्वन्धित व्यक्ति/फर्म/ प्रतिनिधीहरुको रोहवरमा खोलीने छ साथै सम्वन्धित व्यक्ति वा फर्मको प्रोपराईटर अनुपस्थित रहेमा शिलवन्दी दरभाउ पत्र खोल्न कार्यालय लाई वाधा पर्ने छैन ।

(४) शिलवन्दी बोलपत्र/ दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो सम्वन्धी कार्य कार्यालय खुलेका दिनमा हुने छ ।

(५) ठेक्का सदर भई सकेपछि सम्झौता गर्दाका वखत आफूले कवोल गरेको कुल रकम एकमुष्ट बुझाउन सक्नेछ । एकमुष्ट बुझाउन नसक्नेको हकमा ५०%रकम पहिलो किस्ता वापत सम्झौता गर्दा जम्मा गर्नुपर्नै छ र दोश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ र दोस्रो किस्ताको हकमा यस कार्यालयको नाममा २०७७ साल चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र समेत पेश गर्नु पर्नेछ ।

(६) स्वीकृत फर्मको धरौटी रकम फिर्ता गर्न यस कार्यालयमा बुझाउनु पर्ने सम्पुर्ण रकम बुझाए पछी कर चुक्ता प्रमाण पत्र यस कार्यालयमा पेश गरेमा मा मात्र फिर्ता गरिने छ ।

(७) शिलवन्दी बोलपत्र/ दरभाउ पत्र पेश गर्दा खाम वाहिर स्पष्ट वुझिने गरी ठेक्का कार्यको नाम उल्लेख गरेको हुनु पर्नेछ ।

(८) शिलवन्दी बोलपत्र/दरभाउ प्रत्रमा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(९) ठेक्का वन्दोवस्त हुने विषयमा उठाउन पाईने करका दरहरु यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

(१०)व्यक्ति,फर्मले वुझाउनु पर्ने सम्पूर्ण करहरु कवोल गर्ने व्यक्ति,फर्मले वुझाउनु पर्नेछ ।

(११)शुल्क उठाउने ३ प्रति भएको रसिद कार्यालयमा ल्याई उक्त रसिदको सि.नं. कार्यालयमा दाखिला गराई कार्यालय प्रमुखवाट प्रमाणित गराएर मात्र कर दस्तुर को लागि उक्त रसिद प्रयोगमा ल्याउनु पर्नेछ ।

(१२)ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

(१३) सम्मानित अदालत, नेपाल सरकार, दि.सि.न.पा.कार्यालय वाट हुने निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु व्यक्ति फर्मको कर्तव्य एवं दायित्व हुनेछ । निति निर्देशन वा आदेशको पालनाको कारणवाट कुनै हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी व्यक्ति फर्मले दि.सि.न.पा.संग गर्न पाउने छैन ।

(१४)यस विषयमा थप जानकारी चाहिएमा दि.सि.न.पा.कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

(१५)अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

(१६)प्रयोगमा ल्याईएका रसीद ठेलीहरु ठेक्का सम्झौताको अवधि समाप्त भएको १ (एक)हप्ता भित्र कार्यालयमा वुझाउनु पर्नेछ ।

(१७) ठे.नं १ बोलपत्र खरिदका लागी इजाजत पत्र, मु.अ.कर प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

मन्जू थापा
...अधिकृत